# मधेश प्रदेश, नेपालमा बालविवाह,उमेर नपुगी र जवरजस्ती गरिने विवाह न्यूनिकरणको लागि लक्षित समूह केन्द्रित डिजाइनबाट आएका नतिजाहरुको संक्षिप्त जानकारी

## पृष्ठभूमीः

नेपालमा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोगको सहयोगमा ब्रेक थ्रु एक्सनको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि स्थानीय प्रणाली सुदृढीकरण परियोजना, नेपाल सरकारको स्थानीय संरचनाहरूको संस्थागत र प्राविधिक क्षमतालाई सुदृढ गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि प्रभावकारी सामाजिक व्यवहार परिवर्तनका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र समन्वय सीप विकास गरी स्थानीय प्रणाली सुदृढ र बाल संरक्षणका संरचनाहरूको क्षमता अभिवृद्धि गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका बाधाहरूलाई समुदायमा आधारित, सर्वपक्षीय समन्वय तथा तथ्यमा आधारित रही सम्बोधन गर्ने लक्ष्य लिएको छ ।



*चित्र १: लक्षित  समूह छलफलमा अभिभावकहरू*

हालका दशकहरुमा विवाह उमेरमा वृद्धि भएको देखिएतापनि नेपालमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह एक महत्वपूर्ण मुद्धाका रुपमा कायम छ । नेपालको कानून अनुसार विवाहयोग्य उमेर २० वर्ष पश्चात् हो । तथापी, मधेसका ६ वटा नगरपालिकाहरुमा सन् २०२२ - २०२३ मा गरिएको स्थानीय जनगणनाअनुसार, वालिकाहरुमाभ्क बालविवाह र उमेर नपुगी गरिने विवाहको व्यापकता या विद्यमानता भिन्न ३५ % देखि ५९% सम्म देखिएको छ, जुन नगरपालिकापिच्छे कम या बढी छ ।



*चित्र २: प्रमख सचनादाता-किशोरीसँग अन्तर्वार्ता*

मधेश प्रदेश सरकारसँग बालविवाह, उमेर नपुगी र जवरजस्ती गरिने विवाहको मुद्धालाई सम्वोधन गर्न राजनीतिक इच्छाशक्ति र प्रतिबद्धता छ । तथापी स्थानीयरुपमा लगानी र निर्णय गर्ने अधिकार गाँउ/नगरपालिकाहरु र वडाहरूमा निहित छ। यस परियोजनाको प्रारम्भमा, बालविवाह, उमेर नपुगी र जवरजस्ती गरिने विवाहको समस्या कत्रो हो भनेर बुभ्न्न तथ्यांक नहुँदा र स्थानीय प्रथा भएकाले यसलाई समस्याको रुपमा आत्मसात् नगर्दा, मधेश प्रदेशका गाँउ/नगरपालिकाहरूले यस मुद्धालाई सम्वोधन गर्न प्राथमिकता दिएका थिएनन् । सन् २०२३/ ०२४ मा ६ वटा गाउँ तथा नगरपालिकाहरुको आफ्नै स्रोतले गरिएको जनगणनाले बालविवाह, उमेर नपुगी र जवरजस्ती गरिने विवाहको अवस्थाको खुलासा गरेपछि भने तिनीहरुले यस मुद्धालाई गम्भीरतापूर्वक लिन शुरु गरेपनि अगाडि बढ्न के गर्ने निश्चय गरिसकेका छैनन् ।

स्थानीय सरोकारवालासँगको सहकार्यमा, R-CEFM परियोजनाले लक्षित समूह केंद्रित डिजाइन प्रक्रिया मार्फत मधेश प्रदेशका ६ वटा गाँउ/नगरपालिकाहरूमा बालविवाह, उमेर नपुगी र जवरजस्ती गरिने विवाहका कारणहरू बुभ्न्न र यसलाई सम्वोधन गर्नका लागि सम्भावित सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरू पहिचान र परिष्कृत गर्न सहजीकरण गऱ्यो ।

लक्षित समूह डिजाईन (ज्ञबल ऋभलतभचभम म्भकष्नल(ज्ञ्ऋम) प्रक्रियाले लक्षित समूहलाई केन्द्रमा राख्नुको महत्वलाई बढी जोड दिन्छ र, यसो गरेर उनीहरुलाई आफ्ना आवश्यकता र चाहनाहरूलाई प्रत्यक्ष रूपमा पूरा गर्ने नयाँ समाधानका उपायहरूको विकास गर्न सक्षम बनाउँछ। ज्ञ्ऋम प्रक्रिया च्ऋभँ परियोजना कार्यक्रमका लागि विशेष रूपले सान्दर्भिक थियो किनभने यसले गाँउ/नगरपालिका नेतृत्वलाई समुदायका सदस्यहरूसँग प्रत्यक्ष अन्तरक्रिया गर्ने अवसर दियो र यसरी बालविवाह, उमेर नपुगी र जवरजस्ती गरिने विवाहबाट प्रभावित व्यक्तिहरूबाट समानुभूति प्राप्त गर्न सक्यो । यस्तो आत्मियताले गाँउ/नगरपालिकाका नेतृत्ववर्गलाई सम्भावित क्रियाकलापहरुको विकास, परीक्षण, र अनुगमन र लागानी गर्न समेत उत्साहित बनायो ।

USAID अमेरिकी जनताबाट


Breakthrough ACTION FOR SOCIAL & BEHAVIOR CHANGE

मधेश प्रदेश सरकार
खेलकुद तथा समाज कल्याण मन्त्रालय
जनकपुरधाम, धनुषा

# डिजाईनको चुनौती

यस प्रक्रियालाई मार्गदर्शन गर्ने मुख्य डिजाइनका लागि चुनौती सम्बन्धी प्रश्न यस्तो थियो : बालविवाह, उमेर नपुगी र जवरजस्ती गरिने विवाह न्यूनिकरण गर्न स्थानिय संरचनाहरुलाई सहयोग पुर्याउन हामी कसरी गाँउ/नगरपालिका स्तरीय प्रणालीहरूको क्षमतालाई सुदृढ गर्न सक्दछौं ?

*चित्र ३.* HCD प्रक्रियाका *निम्न ५ वटा मुख्य चरणहरु :*



**चरण १**
**समानुभूति**

**चरण २**
**परिभाषित**

**चरण ३**
**विचार विकास**

**चरण ४**
**कार्यान्वयस विवरण्को तयारी**

**चरण ५**
**परिक्षण**

HCD प्रक्रियाको शुरुवाती चरणमा, प्रत्येक गाँउ/नगरपालिकाको स्वतन्त्र निर्णय गर्ने क्षमतालाई सहयोग र नतिजामा अपनत्व बढाउन प्रत्येक गाँउ/नगरपालिकामा बेग्लाबेग्लै डिजाइन टोलीहरू गठन गरियो । डिजाइन टोलीहरु वास्तविकरुपमा लैंगिक समानता, समता तथा सामाजिक समावेशीकरण (GESI) लाई सुनिश्चित गर्नमा विशेष ध्यान दिई गठन गरिएका थिए ।

## समानुभूति चरण (Empathize Phase)

यस चरणमा, डिजाइन टोलीहरुले धार्मिक/सामाजिक अगुवाहरु, विवाहित र अविवाहित किशोरकिशोरीहरु, तिनीहरुका आमाबाबुहरु, गाँउ/नगरपालिकाका सदस्यहरु, र विवाहका योजनाकारहरु र प्रहरीहरुका बुझाइ र अनुभवलाई बुझ्न केन्द्रित भए । यसका लागि टोलीहरुले समुदायको यथार्थ तथा काल्पनिक अवस्थाको सोधखोज र लक्षित समुदायका सदस्यहरुसँग विस्तृत कुराकानी गर्ने विधि अपनाएको थियो ।


"म आफैं कमाउन थालेपछि मात्र विवाह गर्न चाहन्छु, तर मेरा अभिभावकहरूले त्यसबेलासम्म पर्खनु हुन्न होला"– अविवाहित किशोरी, लोहारपट्टी
"छोरी उमेरदार भएमा उनलाई उचित जोडी भेटिंदैन भन्ने समाजको दबाबका कारण बालविवाह हुन्छ,"– धार्मिक नेता, मटिहानी

## परिभाषित चरण (Define Phase)

यस चरणमा, डिजाईन टोलीले विषयवस्तुहरु पहिचान गर्‍यो, अन्तरदृष्टिहरू (लक्षित समूहका सही र गहन बुझाइहरु) पहिल्यायो, र तिनै अन्तरदृष्टिहरूका आधारमा डिजाइन चुनौतीहरू निर्माण गर्‍यो । लक्षित समुहको अन्तरदृष्टिबाट प्राप्त निम्न पाँच मुख्य विषयवस्तुहरू :

१. **समाजले ईज्जतलाई महत्व दिनु ( परिवार र व्यक्ति दुबै) :** यदि छोराछोरीको विवाहका लागि २० वर्ष उमेरसम्म पर्खिंदा उनीहरु भागेर विवाह गर्लान् भन्ने डर आमाबाउलाई हुन्छ । तिनीहरुलाई समुदायले आफ्नो छोराछोरी र परिवारको बारेमा नकारात्मक कुराहरु फैलाउलान् भन्ने समेत चिन्ता हुन्छ ।

२. **समुदाय बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह प्रति उदासिन :** समुदाय विशेषगरी शिक्षित र प्रभावशाली व्यक्तिहरूले बालविवाहको समस्या उनीहरूको होइन भन्ने सोच राख्छन् र,



*चित्र ४: प्रमुख सूचनादाता -सामुदायिक अगुवासँग अन्तर्वार्ता*

बरु यो समस्या त दलित, जनजाति, र वञ्चित समूहहरुका व्यक्तिहरुको हो भन्ने विश्वास गर्छन् ।

**३. समुदायले बालविवाहको व्यापकतालाई स्वीकार गर्दैनः** केही सम्पन्न र प्रभावशाली व्यक्तिहरू, राजनीतिक र सामाजिक नेताहरूले बालविवाह हुँदैछ र यदि भएमा पनि गरिबी र तल्लो जातिका व्यक्तिहरू मा मात्र हुन्छ भनेर विश्वास गर्छन ।

**४. समाजले छोरीलाई महत्व नदिनु :** समूदायले परिवारका पुरुष सदस्यहरू सधैं परिवारमा रहि रहन्छन् , र छोरीहरू आफू जन्मेको घर परिवार छोडेर विवाह भएको घरमा जान्छन् र पैसा कमाउने भएमा पनि त्यहि घरको लागिकमाउँछन् भन्ने विश्वास गर्छन् । यसैले, अभिभावकहरू आफ्ना छोराहरूको तुलनामा छोरीहरूमा कम लगानी गर्छन् । उनीहरू छोरीको शिक्षामा लगानी नगरि उनिहरूको विवाहमा लगानि गरेर आफ्नो जिम्मेवारी पूरा भएको मान्छन् ।

**५. अभिभावकहरूले छोरीलाई बोझ मान्नु :**
अभिभावकहरूले छोरीलाई परिवारमा राखिराख्नु वा विवाह गर्नका लागि २० वर्ष सम्म पर्खनु भनेको खर्चको बोझ बढाउनु र परिवारको बारेमा नातेदारमाझ नकारात्मक टिप्पनीहरुको अवसर दिनु मान्दछन् ।

लक्षित समूह केन्द्रित डिजाईन प्रक्रिया कार्यान्वयनका सहजकर्ताहरूले यी मुख्य विषयवस्तुहरूलाई प्रयोग गरेर तिनीहरूभित्र अन्तरदृष्टिहरू विकास गरे । अन्तरदृष्टिहरूको दस्तावेजीकरण पछि, प्रत्येक गाँउ/नगरपालिकाको डिजाइन टोलीले ती अन्तरदृष्टिहरूलाई विश्लेषण गरेर निम्न पाँच डिजाइन चुनौतीहरू सुनिश्चित गरेको थियो ।

**अन्तरदृष्टि १ :** स्थानीय नेतृत्वले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह सबै जातजाति, धर्म, वर्ग, शिक्षित, अशिक्षित, स्थानमा ( सहर र गाउँ) रहेको कुरा आत्मसात् नगरेको ।

समस्या १ : हामी कसरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि स्थानिय नेतृत्वलाई प्रभावकारी कार्यक्रम तर्जुमा गर्न अर्थपूर्ण रुपमा सम्लग्न गराउन सक्छौं ?

**अन्तरदृष्टि २ :** बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहविरुद्ध काम गर्न चाहना भएका व्यक्तिहरू एकत्रित हुन नसकेको ।

समस्या २ : समुदायस्तरका औपचारिक तथा अनौपचारिक बालअधिकार संरचनाहरूले कसरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि योगदान गर्न सक्छन् ?

**अन्तरदृष्टि ३ :** छोरीलाई कुनै लाञ्छना लागेमा परिवारको इज्जत जाने मानेर अभिभावकले छोरीलाई उमेर नपुगी र जबरजस्ती विवाह गरिदिने गरेको ।

समस्या ३ : हामी कसरी २० वर्ष उमेर पुगेपछि मात्र छोरीको विवाह गरी आत्मनिर्भर बनाउन चाहने परिवारको समाजमा इज्जत बढाउन सक्छौं ?

**अन्तरदृष्टि ४** : प्रभावशाली नगरिक समाज सदस्यहरु बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्य गर्नमा उदासीन भएको ।

समस्या ४ : हामीले कसरी प्रभावशाली नागरिक समाजका सदस्यहरुलाई वालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि आफूसँग भएको क्षमता बुझी ठोस पहल गर्न सहयोग गर्न सक्छौं ?

**अन्तरदृष्टि ५ :** अभिभावकले छोरीहरूको पढाइलाई प्राथमिकता नदिएको कारण छोरीहरू पढाइमा कमजोर र चाख कम लिने हुँदा समय र पैसा खर्च गर्नु भन्दा बालविवाह, उमेर नपुगी र जबरजस्ती विवाह गरिदिने गरेको ।

समस्या ५ : हामी कसरी उमेर पुगेपछि छोरीको विवाह गरिदिंदा उनिहरुले परिवारलाई सहयोग गर्न सक्छन् भनी छोरीलाई महत्व दिन अभिभावकलाई बुझाउन सक्छौं ?

## विचार विकास (Ideate Phase)

यस चरणमा, सहभागीहरूले "हामी कसरी सक्छौं" भन्ने भनाईहरूको जवाफमा अनुमानहरूलाई चुनौती दिँदै र सम्भावित स्पष्ट समाधानका उपायहरूको निर्धारणको लागि कुल १७७ समाधानका उपायहरू पहिचान गरे । त्यसपछि सहभागीहरूले सान्दर्भिकता, सम्भावित प्रभाव, कार्यान्वयनका माध्यमहरू, सांस्कृतिक स्वीकार्यता, दिगोपनको सम्भावना, लैंगिक, समानता र सामाजिक समावेशीकरण (GESI) र कार्यान्वयनको सम्भाव्यताको आधारमा १४ समाधानका उपायहरूलाई प्राथमिकता दिइएका थिए ।

## कार्यान्वयन विवरणको तयारी (Prototype Phase)

यस चरणमा, डिजाईन टोलीहरूले १४ समाधानका उपायहरू निर्माण गरे र सम्बन्धित अनुगमन सूचकहरू सहित क्रियाकलापहरुको विस्तृत कार्यान्वयन विवरण र कार्य योजनाको विकास गरे । R-CEFM परियोजनाका कर्मचारीहरूको सहयोगमा, गाँउ/नगरपालिकाहरूले सबैभन्दा

आशाजनक र नयाँ सात क्रियाकलापहरुको परीक्षणको लागि तयारी गरे । तालिका १ मा लक्षित समुह डिजाइन प्रक्रियाबाट आएका सात नयाँ क्रियाकलापहरुको कार्यान्वयन विवरण संक्षिप्तमा राखिएको छ ।

तालिका १ : सात नयाँ क्रियाकलापहरुको कार्यान्वयन विवरण : "*" चिह्न भएका क्रियाकलापहरु नयाँ हुन् र नेपालमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि पहिला प्रयोग भएका थिएनन् ।

**सात नयाँ क्रियाकलापहरुको कार्यान्वयन विवरण**

| क्रियाकलाहरु | संक्षिप्त विवारण |
|---|---|
| १.धार्मिक अगुवाहरूलाई समाजमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई प्रोत्साहन गर्ने पुराना सामाजिक परम्परा र चलनहरू परिवर्तनका लागि परिचालन ।* | स्थानिय स्तरका धार्मिक अगुवा, तथा विवाह गराउने अन्य व्यक्तिहरुलाई स्थानिय सरकारले सुचिकरण गरी उनिहरुबाट मात्र विवाह गराउन कानुन बनाउने र उनीहरुलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई प्रोत्साहन गर्ने पुराना समाजिक परम्परा र चलनहरु परिवर्तन गर्न परिचालन । |
| २.सर्वदलीय समितिलाई पुराना सामाजिक परम्परा र चलनहरू परिवर्तनका लागि परिचालन । * | बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका क्रियाकलापहरू कार्यान्वयनमा राजनैतिक सहयोग प्राप्त गर्न वडा/गाउँ/नगरपालिका स्तरिय सर्वदलीय समिति र क्रियाकलापहरूमा परिचालन । |
| ३.सबैभन्दा कम बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह भएको वडाका वडाध्यक्ष र सचिवलाई सम्मान । * | गाउँ/नगरपालिकाबाट प्रत्येक आर्थिक वर्षमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सबैभन्दा बढि काम गर्ने वडाका वडा अध्यक्ष र सचिवलाई सार्वजनिक रूपमा सम्मान । |
| ६.२० वर्ष उमेर पुगेपछि छोरीको विवाह गर्ने अभिभावकलाई वार्षिक रूपमा सम्मान । * | २० वर्ष उमेर पुगे पछि छोरीको विवाह गर्ने अभिभावको लागि वार्षिक रुपमा सम्मान समारोह आयोजना । |
| ५.प्रभावशाली नगरिक समाजका सदस्य समितिहरू बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि परिचालन । * | गाउँ/नगरपालिका/वडा स्तरमा प्रभावशाली नागरिक समाजका सदस्यहरुको समिति गठन गरी संयुक्त रुपमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका क्रियाकलापहरु संचालनमा सहयोग पुऱ्याउन परिचालन । |
| ६.२० वर्ष पछि छोराछोरीको विवाह गराउने परिवारहरुलाई ग्याँस/ संचार/ विधुत/ खानेपानी/ यातयात आदिमा निश्चित रकम छुट । | २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गरिदिने परिवारहरुलाई ग्याँस/ संचार/ विधुत/ खानेपानी/ यातयात आदिमा निश्चित रकम छुट दिनुका साथै सार्वजनिक संस्थाहरुबाट प्रदान गरिने सेवा सुविधाहरुमा प्राथमिकता । |
| ७.स्थानिय स्तरमा गठन हुने विकास निर्माणका समितिहरुमा २० वर्ष पूरा गरेपछि छोरीको विवाह गरिदिने परिवारका सदस्याहरुलाई प्राथमिकता दिने । | २० वर्ष पुगेपछि छोरीको विवाह गरिदिने परिवारका सदस्याहरुलाई गाउँ/नगरपालिका/वडामा गठन हुने समितिहरुमा सम्मान स्वरुप संलग्न । |

सात वटा क्रियाकलापहरू परीक्षण र अनुगमनका लागि तालिका बनाइएको थिएन, किनभने ती पहिले नै अन्य विषयमा कार्यानयन गरिएका क्रियाकलाप थिए र यसलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यकाको लागि प्रयोग गरिएको थियो । यी क्रियाकलापहरू क्रियाकलाप कार्यान्वयन विस्तृतिकरणको आधारमा कार्यान्वयन गरिएको थियो र गाउँ तथा नगरपालिकाहरूले नयाँ क्रियाकलापहरुको सथै यी क्रियाकलापहरु समेत कार्यान्वयनको लागि छनौट गरेको थिए ।

## परिक्षण चरण (Test Phase)

R-CEFM परियोजना लागू भएको ६ वटै गाँउ/नगरपालिकाहरूमा नयाँ खोज गरिएका ७ क्रियाकलापहरू परीक्षण गर्न परियोजनाले प्राविधिक सहयोग गऱ्यो । ती क्रियाकलापहरूको प्रभावकारिता, सम्भाव्यता, सान्दर्भिकता, र दिगोपनको मूल्याङ्कन गर्न सहयोगी अनुगमन (collaborative monitoring), प्रमुख सूचनादाता अन्तर्वार्ता (KII), शीघ्र प्रतिक्रिया सर्वेक्षणहरू, र/वा कार्यक्रम सुरु गर्नु अघि र पछिको सर्वेक्षण विधिहरू प्रयोग गरियो, जसले अन्ततः बाल विवाह उमेर नपुगी र जवरजस्ती गरिने विवाह न्यूनिकरयणमा यी क्रियाकलापहरुको प्रभावकारिता निर्धारण गऱ्यो ।

*चित्र ५:* बाल विवाह अन्त्यका लागि नयाँ र परिमार्जित सहित उत्कृष्ट ११ समाधानका उपायहरू

तहहरु

कार्यान्वयन विवरण

### १४ समाधानका उपायहरु

**नयाँ क्रियाकलापहरु**

१ : प्रभावशाली तथा जनसमर्थन भएका धार्मिक अगुवाहरूलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई प्रोत्साहन गर्ने धार्मिक र परम्परागत सामाजिक चलनहरू न्यूनीकरणका लागि परिचालन ।

२: बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि सर्वदलीय समितिहरूको परिचालन

३: एक आर्थिक वर्षमा सबै भन्दा कम बालविवाह, उमेर नपुगी र जबरजस्ती भएको वडाका वडाध्यक्ष र सचिवलाई सार्वजनिक रूपमा सम्मान

४: २० वर्ष उमेर पुगे पछि छोरीको विवाह गरिदिने अभिभावकलाई वार्षिक रूपमा सम्मान

५: वडा/गाउँ/नगरपालिकाले प्रभावशाली नागरिक समाज सदस्य समिति गठन गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि परिचालन

६: २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गर्ने कृषिमा आधारित अभिभावकलाई कृषि कामको लागि सहुलियत प्रदान

७: स्थानिय स्तरमा गठन हुने विकास निर्माणका समितिहरुमा २० वर्ष पूरा गरेपछि छोरीको विवाह गरिदिने परिवारका सदस्यहरुलाई प्राथमिकता दिने

**विद्यमान प्रणाली**

८: स्थानीय स्तरमा भएका औपचारिक तथा अनौपचारिक संरचनाहरूको क्षमता अभिवृद्धि गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि परिचालन

९: बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह नगर्ने तथा नगराउन पैरवी गर्ने किशोरीहरूलाई वडा वा गाउँ/नगरपालिकाबाट वार्षिक रूपमा प्रोत्साहन र सम्मान

१०: २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गर्ने कृषिमा आधारित अभिभावकलाई गाउँ/नगरपालिका/वडामार्फत कृषि कामको लागि सहुलियत प्रदान

११. २० वर्ष उमेर पुगेका छोरा छोरीहरुको सामुहिक विवाहको आयोजना

१२: वडा/गाउँ/नगरपालिकाबाट १० कक्षा उत्तीर्ण भएर वा ११/१२ कक्षा पढेर पढाई छोडेका अविवाहित किशोरीहरूलाई रोजगारीको माग भएको सीप विकासमा सहयोग

१३: छोरीको २० वर्ष उमेर पुगेपछिविवाह गरिदिने उदाहरणीय परिवारको प्रभावकारी प्रचारप्रसार

१४: वडा/गाउँ/नगरपालिकाबाट किशोर किशोरीहरूलाई उच्च शिक्षासम्म पहुँच बढाउन छात्रवृत्तिको व्यवस्था गर्ने (११ र १२ कक्षा)

### ११ उत्कृष्ट समाधानका उपायहरू

**नयाँ क्रियाकलापहरु**

१ : प्रभावशाली तथा जनसमर्थन भएका धार्मिक अगुवाहरूलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई प्रोत्साहन गर्ने धार्मिक र परम्परागत सामाजिक चलनहरू न्यूनीकरणका लागि परिचालन ।

२: बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि सर्वदलीय समिति हरूको परिचालन

३: एक आर्थिक वर्षमा सबै भन्दा कम बालविवाह, उमेर नपुगी र जबरजस्ती भएको वडाका वडाध्यक्ष र सचिवलाई सार्वजनिक रूपमा सम्मान

४: २० वर्ष उमेर पुगे पछि छोरीको विवाह गरिदिने अभिभावकलाई वार्षिक रूपमा सम्मान

५: वडा/गाउँ/नगरपालिकाले प्रभावशाली नागरिक समाज सदस्य समिति गठन गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि परिचालन

**विद्यमान प्रणाली**

६: स्थानीय स्तरमा भएका औपचारिक तथा अनौपचारिक संरचनाहरूको क्षमता अभिवृद्धि गरी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि परिचालन

७: बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह नगर्ने तथा नगराउन पैरवी गर्ने किशोरीहरूलाई वडा वा गाउँ/नगरपालिकाबाट वार्षिक रूपमा प्रोत्साहन र सम्मान

८: २० वर्ष उमेर पुगेपछि छोरीको विवाह गर्ने कृषिमा आधारित अभिभावकलाई गाउँ/नगरपालिका/वडामार्फत कृषि कामको लागि सहुलियत प्रदान

९: वडा/गाउँ/नगरपालिकाबाट १० कक्षा उत्तीर्ण भएर वा ११/१२ कक्षा पढेर पढाई छोडेका अविवाहित किशोरीहरूलाई रोजगारीको माग भएको सीप विकासमा सहयोग

१०: छोरीको २० वर्ष उमेर पुगेपछिविवाह गरिदिने उदाहरणीय परिवारको प्रभावकारी प्रचारप्रसार

११: वडा/गाउँ/नगरपालिकाबाट किशोर किशोरीहरूलाई उच्च शिक्षासम्म पहुँच बढाउन छात्रवृत्तिको व्यवस्था गर्ने (११ र १२ कक्षा)

## लक्षित समूह केन्द्रित डिजाईन प्रक्रियाको सफलताहरु

- महत्वपूर्ण अन्तरदृष्टिहरू प्राप्त गरियो, जसले सम्भावित समाधानका उपायहरूको प्राथमिकता निर्धारण र डिजाइन गर्न सहयोग गर्‍यो ।
- ईज्जत प्राप्त गर्ने इच्छालाई अभिभावकहरू, धार्मिक नेता, प्रभावशाली नागरिक समाजका सदस्यहरू, र राजनीतिक दलहरूको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहसँग सम्बन्धित व्यवहार परिवर्तन गर्ने प्रमुख कारकको रूपमा पहिचान गरियो ।
- गाउँ/नगरपालिकाहरूले संयुक्त डिजाइन प्रक्रियामा सहभागिता भई सामुदायको सुझावहरूको आधारमा क्रियाकलापहरु विकास र संयुक्त रुपमा विकास गरिएको सूचकहरूको मद्दतले क्रियाकलापहरुको संयुक्त अनुगमन गर्न र स्थानिय र वडा बालअधिकार समितिहरुसँग त्रैमासिक समीक्षा बैठकहरू सञ्चालन गर्न मद्दत गर्‍यो ।

- ○ वडाका अध्यक्ष, वडा सचिव, मेयर/अध्यक्ष, उपमेयर/उपाध्यक्ष, र अन्य गाँउ/नगरपालिकाका कर्मचारीहरूले सहकार्यको महत्तव बुझ्नुभयो र स्थानीय नागरिक समाजका सदस्यहरू, धार्मिक नेता, युवाहरू र राजनैतिक पाटीका नेताहरूलाई संलग्न गराउनुभयो ।
- ○ बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनिकारणका क्रियाकलापहरुको विकासका लागि वडाहरू र गाउँ/नगरपालिकाहरूको गुणात्मक तथ्यांक सङ्कलन, विश्लेषण र तथ्यांकको प्रयोग गर्ने क्षमता अभिवृद्धि गरियो ।
- ○ वडाहरू र नगरपालिकाहरू अहिले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह घटाउनको लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरूको प्रभावकारिता आफैं परीक्षण गर्न सक्षम भएका छन् ।

● गाँउ/नगरपालिकाहरूले लक्षित समूह डिजाईन प्रक्रियाबाट पहिचान गरिएका क्रियाकलापहरूलाई अपनत्व लिएकाछन् । अहिले गाँउ/नगरपालिकाहरूको समुदायसँग गहिरो सम्बन्ध बनेको छ र बालविवाह, उमेर नपुगी र जबरजस्ती विवाह न्यूनिकारणको लागि स्रोत साधन विनियोजन गरी सम्बोधन गर्न चाहन्छन् ।

- ○ HCD प्रक्रियाका क्रममा विकास गरिएका क्रियालापधहरू छ वटा गाँउ/नगरपालिकाहरूको वाषिक योजनामा समावेश गरिएका छन्, जसमा सन् २०२१ देखि २०२३ सम्मको कार्यान्वयनका लागि ७७,८४,००० देखि १,९९,४२,००० रुपैयाँ सम्मको वार्षिक बजेट छुट्याइएको थियो । परियोजना सुरु हुनु अघि, बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनिकारणका क्रियाकलापहरूका लागि कुनै विशेष बजेट छुट्याइएको थिएन।
- ○ गाँउ/नगरपालिकाहरूले क्रियाकलापहरू चयन, कार्यान्वयन प्रक्रियाको वृस्तितिकरण र परीक्षण गरे र अन्ततः ती क्रियाकलापहरूलाई आफ्नो वाडा र गाँउ/नगरपालिका स्तरमा वार्षिक योजना र बजेटमा समावेश गरे ।
- ○ गाँउ/नगरपालिकाहरूले मुख्य लक्षित समुहहरूलाई केन्द्रमा राखेर नयाँ र प्रभावकारी बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनिकारणका क्रियाकलापहरू तयार गर्ने तरिका सिकेका छन् ।

● गाँउ/नगरपालिकाहरूले क्रियाकलाप कार्यान्वयन गुणस्तरमा सुधार गरिरहेका छन् र क्रियाकलाप कार्यान्वयन गर्ने संस्कारमा परिवर्तन आएको छ । विस्तृत क्रियाकलाप कार्यान्वयन योजनाले शाखा प्रमुखहरूलाई आर्थिक वर्षको अन्तिम त्रैमासिकसम्म प्रतीक्षा नगरी दोस्रो त्रैमासिकबाटै क्रियकलापहरू कार्यान्वयन गर्न गाँउ/नगरपालिकामा वकालत गर्न मद्दत गरेको छ ।

## लक्षित समुह केन्द्रित डिजाइन प्रक्रियाका समाधानहरुको विस्तार र दिगोपना

● संयुक्त डिजाइन, परीक्षण, र कार्यान्वयन प्रक्रियाले प्रभावकारी र दिगो साबित भएको छ, किनभने विचारहरू कार्यान्वयन अघि प्रमुख सरोकारवालाद्वारा परीक्षण गरिएका थिए र त्यसपछि तिनलाई गाँउ/नगरपालिकाद्वारा बजेत विनियोजन गरि  कार्यान्वयन गरिएको थियो ।

- ○ सन् २०२४ मा, गाँउ/नगरपालिकाहरूले तीन देखि चार वर्षका रणनीतिक योजना बनाएका छन् , जसमा अन्ततः आफ्ना गाँउ/नगरपालिकाहरूलाई बाल विवाहमुक्त घोषणा गर्ने लक्ष्य राखेका छन् र लक्षित समूह डिजाईन प्रक्रियाबाट पहिचान गरिएका क्रियाकलाहरूलाई यसमा समावेश गरिएको छ । गाँउ/नगरपालिकाहरूले आफ्नो लक्ष्य हाँसिल नभएसम्म आगामी वर्षहरूमा ती क्रियाकलापहरूको कार्यान्वयन जारी राख्नेछन् ।
- ○ लक्षित समूह केन्द्रीत प्रक्रियाबाट विकसित गरिएको पाँच वटा छनौट गरिएका नयाँ क्रियाकलापहहरूलाई  रौतहट जिल्लाका छ वटा यो परियोजना संचालन नभएका गाउँ तथा नगरपालिकाहरूले अपनाएका छन् । यी नगरपालिकाहरूले लक्षित समूह केन्द्रीत डिजाईन प्रक्रियाद्वारा पत्ता लगाइएका निष्कर्षहरू र क्रियाकलापहरूलाई आफ्नो गाउँ/नगरपालिकाको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह मुक्तका लागि रणनीतिक योजनामा समावेश गराउन परियोजना संचालन भएका गाउँ तथा नगरपालिका संग सहयोग मागेका छन् ।
- ○ लक्षित समूह केन्द्रीत डिजाईन प्रक्रियाबाट डिजाइन गरिएका क्रियाकलापहरू सहयोगी पुस्तिका (**स्थानीय तहमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यको लागि स्थानीय प्रणाली  सुदृढीकरण गर्न सहयोगी पुस्तिका**) मा समावेश गरिएको छ । जहाँ गाँउ/नगरपालिका स्तरको महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमूख, बाल कल्याण अधिकारी र वडा सचिवहरुको लागि सरकारी संरचनामा रहेर क्रियाकलापहरुको विकास, कार्यान्वयन र अनुगमन कसरी गर्ने भन्ने कुराहरु समावेश गरिएको छ । यो सहयोगी पुस्तिका मधेश प्रदेशद्वारा अनुमोदन गरिएको छ र मधेश प्रदेशभरिका १३० वटै परियोजना संचालन नभएका गाँउ/नगरपालिकाहरूमा यसबारे अभिमुखीकरण कार्यक्रमहरू सम्पन्न भएका छन् ।  यस प्रदेशका सबै १३६ नगरपालिकाहरूले बालविवाह, उमेर नपुगी र जबरजस्ती विवाह न्यूनिकारणका लागि आफ्नो स्थानीय क्रियाकपालहरू विकास, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्न यस सहयोगी पुस्तिकाको सहायताबाट लाभ उठाउनेछन् ।
- ○ नेपालका बाँकी रहेका सबै छ वटै प्रदेशहरूलाई सहयोगी पुस्तिकाको बारेमा अभिमुखीकरण गरिएको छ, जसबाट उनीहरूले  सरकारको वार्षिक योजना र कार्यान्वयन प्रक्रियाहरूमा यस पुस्तिकालाई सन्दर्भ समाग्रीको रुपमा लिन सक्दछन्, जसले सरकारी प्रणालीलाई सुदृढ बनाउँछ ।

**थप जानकारीका लागि :**
सृजना के.सी., परियोजना प्रमुख
R-CEFM परियोजना
skc5@jhu.edu

यो सामग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी) को Breakthrough ACTION परियोजनामार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो । यस सामग्रीभित्रका विषयवस्तुले यूएसएआईडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।

USAID अमेरिकी जनताबाट
Breakthrough ACTION FOR SOCIAL & BEHAVIOR CHANGE
मधेश प्रदेश सरकार
खेलकुद तथा समाज कल्याण मन्त्रालय
जनकपुरधाम, धनुषा